**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
०७७ वैशाख २ गते
प्रदेश १ का १ सय ३७ ओटै स्थानीय तहमा कोभिड-१९ विरूद्ध अभियानहरू सञ्चालन गरिएको छ। प्रदेश १ को मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका अनुसार ०७७ वैशाख २ गतेसम्ममा कोरोना भाइरससँग लड्न ४ हजार ४ सय २१ जना बस्न मिल्ने क्वारेन्टाइनको निर्माण गरिएको छ। प्रदेशभरी ४ सय ४६ वटा आइसोलेशन वेडको व्यवस्था गरिएको छ। ४४ वटा आईसीयु वेड तयार गरिएको छ।
प्रदेश १ मा वैशाख २ गतेसम्मको अवधिमा ४६ जना महिला र २ सय ५ जना पुरूष सहित २ सय ५१ जनाको स्वाब परीक्षण गरिएको छ। स्वाब परीक्षण गरिएका मध्ये ४० जना महिला र १ सय ९९ पुरुष गरी २ सय ३९ जनाको रिपोर्ट नेगेटिभ आएको छ। १२ जनाको रिपोर्ट आउन बाँकी रहेको छ। वैशाख २ गतेसम्म प्रदेश १ मा ५२ जना महिला र ४ सय ८६ जना पुरूषसहित ५ सय ३८ जनालाई क्वारेन्टाइनमा राखिएको छ। क्वारेन्टाईनमा बसेका एक जना महिला र ५२ जना पुरूष गरी ५३ जना डिस्चार्ज भएका छन्। होम क्वारेन्टाइनमा ३ हजार ६ सय ८० जना बसेका छन्। प्रदेशभरि ६ सय २२ जना महिला र ३ हजार ५८ जना पुरूष होमक्वारेन्टाइनमा बसेको प्रदेश १,मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। प्रदेश १ मा वैशाख २ गते सम्म ५६ जना महिला र ३ सय ४६ जना पुरूष गरी ४ सय २ जनाको र्‍यापीडडायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ। ४ सय २ जनाकै रिपोर्ट नेगेटिभ आएको छ। प्रदेश १ मा वैशाख २ गतेसम्म ६ सय ६४ थान व्यक्तिगत सुरक्षा उपकरण (पीपीइ) वितरण गरिएको छ।
**मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार ०७७ वैशाख २ गते मोरङमा १ सय ६२ जना पुरूष र १४ जना महिला गरी १ सय ७६ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ। टाँडी आर्मी क्याम्पमा १ सय ५१जना, घिनाघाट प्राथमिक स्वास्थ्य केन्द्रमा ११ जना, दुर्गा मावि जहदामा दुई जना, कर्सिया स्वास्थ्य केन्द्रमा एक जना, अमरदह प्राथमिक स्वास्थ्य केन्द्रमा आठ जना र रङगेली अस्पतालमा तीन जना रहेको प्रहरीले जनाएको छ। क्वारेन्टाइनमा रहेका पाँच जना महिला र ९५ पुरूष डिस्चार्ज भएका छन्। मोरङमा वैशाख २ गतेसम्म आईसोलेशनमा १५ जना भर्ना भएका छन्। कोशी अस्पतालमा १२ जना र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन्। मोरङमा १ सय २७ ओटा आईसोलेशन वेड तयार गरिएको छ। आइसीयु वेड २८ वटा रहेका छन्। मोरङमा वैशाख २ गतेसम्म १ हजार १ सय ६५ जना पुरूष र २ सय ४८ जना महिला गरी १ हजार ४ सय १३ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ। मोरङमा ६६ जनाको स्वाब परीक्षण गरिएकोमा ६३ जनाको रिपोर्ट नेगेटिभ आएको छ। तीन जनाको आउन बाँकी छ। मोरङमा २ सय ४८ जनाको र्‍यापीडडायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ। आरडिटी गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ।
कोरोना परीक्षणका लागि बुथ निर्माण गरी प्रोग्रेसिभ इन्जिनियरिङ एसोसिएसन नेपाल (पिन), प्रदेश समितिले प्रदेश १ सरकारलाई हस्तान्तरण गरेको छ। १ लाख १ हजार ७५ रुपियाँको लगानीमा कोशी अस्पताल विराटनगरमा निर्माण गरिएको बुथ सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई वैशाख २ गते हस्तान्तरण गरिएको हो।
विराटनगर महानगरपालिकाको क्वारेन्टाइनमा रहेका १२ जनाको र्‍यापीड किटबाट कोरोना परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको छ। विराटनगर महानगरपालिका-१९ बैजनाथपुरस्थित स्वास्थ्य उपचार केन्द्रको क्वारेन्टाइनमा रहेका शङ्कास्पद आठ जना र होम क्वारेन्टाइनमा रहेका चार जनाको रिपोर्ट नेगेटिभ आएको महानगरपालिकाकाले जनाएको छ। क्वारेन्टाइनमा रहेकाहरूलाई र्‍यापीड डायग्नोष्टिक टेष्ट

गरिएको हो । महानगरपालिकाको जनस्वास्थ्य महाशाखाले निगरानी गर्दै आएका १२ जनाको नतिजा नेगेटिभ आएको महाशाखा प्रमुख रमेशकुमार कार्कीले जानकारी दिनुभयो । रिपोर्ट नेगेटिभ आएपछि १४ दिनको क्वारेन्टाइन बसेका उनीहरूलाई एकसाता घरमै सजग र सुरक्षित रहने गरी घर पठाईएको छ । विराटनगर महानगरपालिकाले गत चैतमा विदेशबाट विराटनगर आएका ३ सय १८ जनाको र्‍यापीड किटबाट कोरोना परीक्षण गर्ने तयारी गरेको छ । महानगरलाई २ सयवटा आरडीटि किट प्राप्त भएको भएपनि पीपीइ सेट कम भएकोले परीक्षणमा समस्या भएको स्वास्थ्य महाशाखाले जनाएको छ ।
प्रदेश १ का स्वास्थ्यकर्मीका लागि निःशुल्क सिम कार्ड वितरण गरिने भएको छ । एनसेल विराटनगर शाखाले प्रदेश १ का स्वास्थ्यकर्मीका लागि पुग्ने गरी वैशाख २ गते सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई सिमकार्ड उपलब्ध गराएको छ । ६ हजार ३ सय युरो सिम कार्ड उपलब्ध गराएको एनसेल विराटनगर शाखाका प्रमुख चाँदबाबु इराकीले जानकारी दिनुभयो । कोरोनाको उपचारमा खटिएका स्वास्थ्यकर्मीका लागि सिमकार्ड उपलब्ध गराएको उहाँले बताउनुभयो । सिमकार्डमा जेठ महिनासम्मका लागि व्यालेन्स उपलब्ध गराइएको छ ।
विराटनगर महानगरपालिका-११ जनपथ टोलमा रहेको तरकारी तथा फलफूल बिक्री वितरण हुने गुद्री बजार बन्द गरिएको छ । वैशाख २ गतेदेखि बजार बन्द गराइएको हो । गुद्रीमा केही दिनदेखि अत्यधिक भिड बढेको हुनाले कोरोना भाइरसको जोखिम बढ्ने भन्दै प्रशासनमाथि बन्द गराउन दबाब परेको थियो ।
मोरङको बेलबारी नगरपालिकाले वैशाख २ गतेदेखि कोरोना भाइरसको परीक्षण गर्न थालेको छ । द्रुत निर्धारण परीक्षण आरडीटीद्वारा रोगको पहिचान गरिने र परीक्षण रिपोर्ट १५ मिनेटमा नै आउने नगरपालिकाका स्वास्थ्य शाखाका सन्तोष विश्वकर्माले बताउनुभयो ।
सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूले नगरस्तरीय विपद् व्यवस्थापन समितिलाई राहत सामाग्री उपलब्ध गराएका छन् । नगरपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूका शिक्षक कर्मचारीहरूबाट सङ्कलन भएको पाँच लाख रुपियाँ भन्दा बढीको राहत सामाग्री खरिद गरि उपलब्ध गराइएको हो ।
**भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार जिल्लामा वैशाख २ गतेसम्म ३० जना पुरूषलाई क्वारेन्टाइनमा राखिएको छ । पाँच जना महिला र आठ जना पुरूषलाई होम क्वारेन्टाइनमा राखिएको छ । जिल्लामा वैशाख २ गतेसम्म ३२ आईसोलेशन वार्ड निर्माण गरिएको छ । जिल्लामा क्वारेन्टाइनको सङ्ख्या ३ सय ५९ पुगेको छ । जिल्लाका विभिन्न स्वास्थ्य चौकीहरूमा ७८ वटा हेल्थडेक्स स्थापना गरिएको छ ।
भोजपुरमा लकडाउन उल्लङ्घन गर्नेलाई प्रहरीले ग्रामीण क्षेत्रहरूमा समेत नियन्त्रणमा लिन सुरू गरेको छ । प्रहरीले पौवादुङमा गाउँपालिकाको वडा - १ र २ बाट २६ जना महिला र ६ जना पुरूषलाई नियन्त्रणमा लिएर कोरोना सम्बन्धी प्रशिक्षण दिएर रिहा गरेको छ । इलाका प्रहरी कार्यालय तिवारीभञ्ज्याङले सरकारले जारी गरेको लकडाउन उल्लङ्घन गर्ने ३२ जनालाई वैशाख २ गते नियन्त्रणमा लिएको छ ।
कोरोना भाइरसको सङ्क्रमण हुन नदिन नेपाल राष्ट्रिय शिक्षक सङ्गठन भोजपुरले जिल्ला प्रशासन कार्यालय भोजपुरलाई ४ सय ८० थान साबुन सहयोग गरेको छ । सङ्गठनले कोराना सङ्क्रमण हुन नदिनका लागि भोजपुरका प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीलाई साबुन हस्तन्तरण गरेको सङ्गठन भोजपुरका उपाध्यक्ष धुव्रराज रेग्मीले बताउनु भयो ।
धनकुटा प्रतिनिधि ईश्वर थापाकाअनुसार वैशाख २ गतेसम्म धनकुटामा दुई जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । भारतबाट वीरगञ्ज नाकाहुँदै धनकुटा आएका तिनीहरुलाई होम

क्वारेन्टाइनमा राखिएको हो । यसअघि विदेशबाट आएका १ सय ५४ जनालाई होम क्वारेन्टाइनमा राखि १४ दिनपछि रिहा गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी जयराम श्रेष्ठले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयले धनकुटा प्रवेश गर्ने नाका बन्द गरेको र पैदल यात्रीलाई पनि प्रवेश निशेध गरेको छ ।

जिल्ला अस्पताल धनकुटामा र्‍यापीड डाइनोष्टिक टेस्ट सुरू भएको छ । कोरोना भाइरसको रोकथामका लागि प्रदेश १ सरकारले सुरूआत गरेको र्‍यापीड डाइनोष्टिक टेस्ट जिल्ला अस्पतालमा सुरू भएको हो । प्रदेशको समाजिक विकास मन्त्रालयले पहाडी जिल्लामा धनकुटा, सङ्खुवासभा, तेह्रथुम, भोजपुर र पाँचथरमा र्‍यापीड डाइनोष्टिक टेस्ट पठाएपछि धनकुटा पनि र्‍यापीड टेष्ट सुरू भएको हो । वैशाख २ गतेबाट र्‍यापीड डाइनोष्टिक टेस्ट सुरू गरिएको हो । विगत २१ दिन भित्रमा विदेशबाट आएका १७ जनाको र्‍यापीड टेष्ट गरिने जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख तुलसी गुरागाईले जानकारी दिनुभयो । धनकुटा अस्पतालमा वैशाख २ गते तीन जनाको र्‍यापीड टेस्ट गरिएको छ । वैशाख ३ गते पाख्रिवास नगरपालिका र छथर जोरपाटी गाउँपालिकाका तीन जना र वैशाख ४ गते चौविसे र साँगुरीगढी गाउँपालिकामा ११ जनाको र्‍यापीडडाइनोष्टिक टेस्ट गरिने प्रमुख गुरागाईले बताउनु भयो । वैशाख २ गते धनकुटा अस्पतालमा तीन जनाको रगत परीक्षण गर्दा रिपोर्ट नेगेटिभ नै भेटिएको स्वास्थ्य कार्यालयले जनाएको छ । प्रदेश सरकारले १ सय ६० किट उपलब्ध गराएको थियो ।

धनकुटाका मिडिया हाउसहरूलाई धनकुटा उद्योग वाणिज्य सङ्घले कोराना भाइरसबाट बच्नका लागि स्वास्थ्य र सुरक्षित समाग्रीहरू प्रदान गरेको छ ।

धनकुटा उद्योग वाणिज्य सङ्घले दैनिक उपभोग्य सामाग्रीसहित तरकारी तथा दुग्ध उपभोक्ताको घर-घरमै पुऱ्याउने व्यवस्था मिलाएको छ । धनकुटा बजार र हिले बजारमा उद्योग वाणिज्य सङ्घले घरमै सामान पुऱ्याउने व्यवस्था मिलाएको हो । बजार पसलमा हुने भिडलाइ मध्यनजर गदै भिड कम गराउन सहयोग गर्ने उद्देश्यले दैनिक उपभोग्य सामाग्री उपभोक्ताको घरमै पुगेर विक्रि वितरण गर्न सुरू गरेको सङ्घले जनाएको छ । सङ्घले बिहान र दिउसो दुई समय दैनिक चार घण्टा दुग्ध र तरकारी वितरण गर्ने गरेको छ । धनकुटाको मदन चोक, चुवाको बोट, परिचयमोड, भीमसेन थान, भीमनारायण चोक, माथिल्लो कोप्चे, तल्लो कोप्चे र बिहीबारे हटियामा सस्तो मूल्यमा उपलब्ध गरइएको छ । यस्तै हिलेबजारका पनि विभिन्न ठाउँमा तरकारी सस्तो मूल्यमा पुऱ्याइएको छ ।

महालक्ष्मी नगरपालिकाले नगरवासीका लागि आवश्यक पर्ने नियमित औषधिहरू घर-घरमै उपलब्ध गराउन थालेको छ । कोरोना सङ्क्रमणबाट जोगिन सरकारले लगाएको लकडाउनले स्थानीयलाई आवतजावतमा समस्या भएपछि नगरपालिकाले घर-घरमै औषधि उपलब्ध गराउन थालेको हो ।

**झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार जिल्लामा २७ स्थानमा ७ सय ५१जना क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ । वैशाख २ गतेसम्म क्वारेन्टाइनमा १ सय ९१ जनालाई राखिएको छ । होम क्वारेन्टाइनमा वैशाख २ गतेसम्म १ हजार ४१ जनालाई राखिएको छ । मेची अञ्चल अस्पतालमा २५ वेडको आइसोलेशन निर्माण गरिएको छ । झापामा ३० जना डाक्टर, १ सय ३३ जना नर्स, २२ जना ल्याव टेक्निसियन, ८७ ओटा सुरक्षा दल, ६३ जना स्वयम्सेवक र १ सय २१ जना सहयोगी परिचालन गरिएको छ ।

बिर्तामोड नगरपालिकाको कोरोना सङ्क्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा वीरता जेसीज र वीरता लेडी जेसीजले ७६ हजार रुपियाँ सहयोग गरेको छ ।

काँकरभिट्टाको होटलहरूमा बेखर्ची भएका ६४ जना नेपालीलाई वैशाख २ गते घर पठाईएको छ । दुईवटा बसमार्फत उनीहरूलाई घर पठाइएको हो । ३४ जना बोकेको एउटा बस काठमाडौं र ३६ जना बोकेको अर्को बस धनगढीका लागि छुटेको छ । स्थानीय तह र प्रशासनको सहयोगमा जिल्ला प्रशासन

कार्यालयबाट यात्रा अनुमति बनाई बस पठाइएको हो । सबै यात्रुको ऱ्यापीड किटमार्फत कोरोना टेस्ट गर्दा नेगेटिभ रिपोर्ट आएको थियो । उनीहरू नुवाकोट, धादिङ, बाजुरा, बझाङ, जुम्ला, हुम्लाका हुन् । काँकरभिट्टाको होटलमा बसेका उनीहरू लकडाउन लम्बिएपछि बेखर्ची भएका थिए । केही दिनदेखि उनीहरूलाई होटल व्यवसायीहरूले खाना खुवाउँदै आएका थिए ।
दुहागढीका कृषकले उत्पादन गरेको टमाटर लकडाउनका कारण बारीमै कुहिन थालेको छ । मेचीनगर-१४ स्थित दुवागढीका ५० वर्षीय कृषक राजु राईले उत्पादन गरेको टमाटर बारीमै कुहिन थालेको हो ।
अर्जुनधारा जेसिजसहित तीन संस्थाले अर्जुनधारा नगरपालिकालाई सहयोग प्रदान गरेका छन् अर्जुनधारा जेसीजले दश क्वीण्टल चामल राहत प्रदान गरेको महासचिव वसन्त बुढाथोकीले बताउनुभयो । हाम्रो नेपाल बचत तथा ऋण सहकारीले अर्जुनधारा नगरपालिकालाई ५१ हजार रुपियाँ प्रदान गरेको छ ।
राष्ट्रिय जनमुक्ति पाटी अर्जुनधारा नगर समितिले सात सय केजी चामल अर्जुनधारा नगरपालिकाका प्रदान गरेको छ ।
जिल्लामा वैशाख २ गतेसम्म १ हजार २ सय जना क्षमता भएको क्वारेन्टाइन निर्माण गरिएको छ । क्वारेनटाइनमा वैशाख २ गतेसम्म २० जना महिला र तीन सय जना पुरूष बसेका छन् । धरानको वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा १५ जना भर्ना भएकामा वैशाख २ गते सबैलाई डिस्चार्ज गरिएको छ । उनीहरूको सबै स्वाब परीक्षण रिपोर्ट नेगेटिभ आएपछि डिस्चार्ज गरिएको प्रतिष्ठानले जनाएको छ । वैशाख २ गतेसम्ममा प्रतिष्ठानमा २ सय २५ जनाको स्वाव सङ्कलन भएकोमा १ सय ८८ जनाको रिपोर्ट आएको छ । धरानमा परीक्षण गरिएको स्वाबको रिपोर्ट सबै नेगेटिभ आएको डा. विकास शाहले जानकारी दिनुभयो । इटहरी उपमहानगरपालिकास्थित इटहरी अस्पतालमा कोरोना भाइरसको द्रुत परीक्षण आरडिटी टेस्ट सुरू गरिएको छ । वैशाख २ गते विदेशबाट आएका एक सय जनाको टेस्ट गरिएको अस्पतालका इञ्चार्ज रामकुमार धमलाले बताउनुभयो । परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ । द्रुत परीक्षण विधिबाट परीक्षण गर्दा नमूनामा सङ्क्रमण प्रतिरोधी एन्टिवडी छ कि छैन भनेर जाँच गरिन्छ ।
इनरूवा नगरपालिका-२का समाजसेवी योगेन्द्रप्रसाद मेहताले वडा-२ को कार्यालयलाई वैशाख २ गते तीन सय किलो चामल सहयोग गर्नु भएको छ । कोरोना राहत कोषका लागि सहयोग मेहताले बताउनुभयो ।
कोरोना जोखिम नियन्त्रणका लागि धरान उपमहानगरपालिकामा सञ्चालित तरकारी बजार दश दिनका लागि बन्द गरिने भएको छ । धरान उपमहानगरपालिका-१३ स्थित कृषि बजारमा भारतीय सब्जी व्यापारीको आवतजावतले बढी हुने भएकाले जोखिम नियन्त्रणका लागि वैशाख २ गते बजार बन्द गर्ने निर्णय भएको उपप्रमुख मञ्जु भण्डारीले बताउनुभयो ।
धरान उपमहानगरपालिकामा तरकारी व्यवसाय सञ्चालन गर्दै आएका भारतीय नागरिकको कोरोना परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख २ गते तरकारीको गाडीमा भारतबाट भागेर धरान आईपुगेका व्यापारीको वैशाख २ गते नै स्वाब परीक्षण गरिएको छ । बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका सहप्रवक्ता डा. अशोक ऐरले स्वाब परीक्षण रिपोर्ट नेगेटिभ आएको बताउनुभयो । उपमहानगरपालिकाले धरान-१७ मा एक विदेशी नागरिकसहित विदेशबाट आएका २१ जनामा कोरोनाको ऱ्यापीडटेष्ट गरेको छ । ऱ्यापीड टेष्ट गरिएको धरान उपमहानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख उमेश मेहताले जानकारी दिनुभयो ।

**ओखलढुङ्गा प्रतिनिधि शिवप्रसाद ढुङ्गाना**का अनुसार सिद्धिचरण नगरपालिकाले असङ्गठित मजदूर तथा दैनिक ज्यालादारीमा काम गरेर परिवार पाल्ने पहिचान गरेर राहत दिने मापदण्ड तयार गरेको छ । नगरपालिकाभरि ५ सय ३४ परिवार पहिचान भएका छन् । वैशाख २ गतेसम्म्म १२ मध्ये सात ओटा वडामा राहत वितरण भईसकेको नगरपालिकाका सूचना अधिकारी नइन्द्रराज राईले बताउनुभयो । राहत दिँदा एकदेखि दुई जनासम्म सदस्य भएका परिवारलाई चामल १० केजी, दाल १ केजी, नुन १ केजी र तेल आधा लिटरका दरले व्यवस्था गरेको छ । तीन जना देखि बढीमा पाँच जना सदस्य भएका परिवारलाई चामल १५ केजी, दाल १.५ केजी, नुन १ केजी र तेल १ लिटरका दरले दिइरहेको छ । वितरण गरिएको राहतबाट १ हजार ९ सय ४६ जना लाभान्वित भएका छन् । सिद्धिचरण नगरपालिकाले कोरोना रोकथाममा खटिने सुरक्षाकर्मीलाई खाजा व्यवस्था गरेको छ । ज्वरो नाप्ने थर्मल जिल्लाभरमा एक मात्र छ । खरिद गर्न बजारमा समेत नपाइएपछि समस्या आएको हो ।

**पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख २ गते पाँचथरमा एक जना पुरूषलाई क्वारेन्टाइनमा राखिएको छ । र्‍यापीडडाईनोष्टिक टेष्ट गरिएका ११ जनाको नमूना सङ्कलन गरी कोशी अञ्चल अस्पताल विराटनगर पठाइएको छ । प्रदेश १,सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारी राज्य मन्त्री रामकुमार राना मगरको उपस्थितिमा जिल्लामा कोरोना सङ्क्रमणको प्रभाव, पूर्व तयारी र सञ्चालित गतिविधिका सम्बन्धमा जिल्ला समन्वय समितिमा वैशाख २ गते बैठक सम्पन्न भएको छ । जिल्लामा २३ वेडको आइसोलेशन र २ सय ४ ओटा क्वारेन्टाइन कक्ष तयार गरिएका छन् ।

फालेलुङ गाउँपालिकाले वडा -५ का का १ सय ३८ घरपरिवारलाई राहत वितरण गरेको छ । घरपरिवारका सदस्य सङ्ख्याका आधारमा प्रति परिवार १० देखि ३० केजी चामल, खानेतेल एक लिटर, नुन र दाल एकदेखि दुई केजीसम्म वितरण गरिएको वडाअध्यक्ष जीवनकुमार राईले बताउनु भयो । हिलिहाङ गाउँपालिकाले वडा - ५ का १ सय ८७ मध्ये १ सय ७ परिवारलाई राहत वितरण गरेको छ । फाल्गुनन्द गाउँपालिकाले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा साहारा नेपाल राँके शाखाले वैशाख २ गते २५ हजार रुपियाँ सहयोग गरेको छ ।

जिल्लामा पेट्रोलको अभावले सवारी साधन चलाउन समस्या भएपछि रिपोर्टिङ गर्न समस्या भएको पत्रकारहरूले गुनासो गरेका छन् । जिल्लामा रहेका कुनै पनि पम्पहरूमा पेट्रोल नपाएपछि स्थलगत अवलोकन गरी समाचार बनाउन पत्रकारहरूलाई समस्या भएको नेपाल पत्रकार महासंघ जिल्ला शाखाका अध्यक्ष लवदेव ढुंगानाले बताउनुभयो ।

**सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार थुलुङदूधकोशी गाउँपालिकाले वैशाख २ गते दीर्घरोगीलाई निःशुल्क औषधि वितरण गरेको छ । नियमित रूपमा औषधि सेवन गरिरहेका नागरिकहरूलाई एक महिनाका लागि औषधि वितरण गरिएको गाउँपालिका अध्यक्ष असिम राईले जानकारी दिनुभयो ।

जिल्लास्थित राजनीतिक दल, सुरक्षाकर्मी तथा सञ्चारकर्मी बीच कोरोना भाइरसको रोकथामका लागि अपनाइएको सतर्कता र आगामी योजनाको विषयमा छलफल भएको छ । प्रमुख जिल्ला अधिकारी रमा आर्यालको अध्यक्षतामा वैशाख २ गते छलफल भएको हो । छलफलमा हाल सम्मको कार्य सन्तोषजनक रहेको निश्कर्ष निकाल्दै आगामी दिनको योजनाको बिषयमा सुझाव प्रदान गरिएको छ ।

**उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार वैशाख ३ गते त्रियुगा नगरपालिका-३ भुल्के मस्जिदमा लुकेर बसेका १२ जना भारतीय नागरिकसहित १६ जना मुसलमान भेटिएका छन् । दुई दिनअघि वीरगञ्जको मस्जिदमा लुकेर बसेका तीन जना मुस्लिम धार्मिक गुरूमा कोरोना सङ्क्रमण देखिएपछि प्रशासनले अनुगमन गर्दा उनीहरूलाई मस्जिदमा लुकेर बसेको अवस्थामा फेला पारेको हो । उनीहरू लकडाउन हुनुभन्दा अगाडी नेपाल आएको बताए पनि स्थानीयले भने लकडाउनको समयमा

लुकेर भुल्केको मस्जिदमा आई बसेको स्थानीयले बताएका छन् । मस्जिदमा रहेका १२ जना सँग भारतीय परिचयपत्र भएको र अन्य चार जना नेपाली भएको पाइएको प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले बताउनुभयो । उनीहरू सबैलाई अहिले त्यही सुरक्षा निकायको विशेष निगरानीमा राखिएको छ ।
**सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख २ गते क्वारेन्टाइनमा बस्नेको सङ्ख्या एक जना मात्र छ । दुई साताअघि भारतबाट आएका चैनपुर नगरपालिका-१ का ४५ वर्षीय पुरूषलाई क्वारेन्टाइनमा राखिएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले जानकारी दिनुभयो । वैशाख २ गते जिल्ला अस्पताल खाँदबारीको ज्वरो क्लिनिकमा १२ जना महिला र १९ जना पुरूषले स्वास्थ्य जाँच गराएका छन् । प्रदेशको सामाजिक मन्त्रालयले कोरोना भाइरस परीक्षण गर्न १ सय ६० ओटा किट उपलब्ध गराएको छ । किट उपलब्ध भएपछि रगत परीक्षण खाँदबारीमै हुन थालेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लामा वैशाख २ गतेसम्म १ सय २७ वेडको क्वारेन्टाइन र १६ वेडको आइसोलेशन वेड तयारी अवस्थामा छन् ।
कोरोना भाइरसको सङ्क्रमणलाई मध्यनजर गर्दै सङ्खुवासभाका स्थानीय तहले राहत कोष स्थापना गर्न थालेका छन् । भोटखोला गाउँपालिकाले ३१ लाख ६२ हजार रुपियाँको राहत कोष स्थापना गरेको गाउँपालिका अध्यक्ष तेम्बा भोटेले जानकारी दिनुभयो । धर्मदेवी नगरपालिकाले ६ लाख ५० हजार रुपियाँको कोरोना राहत कोष स्थापना गरेको छ । धर्मदेवी नगरपालिकाले ११ सय विपन्न तथा ज्यालादारी मजदूरलाई खाद्यान्न वितरण गर्न तयारी गरेको नगरप्रमुख रमेशकुमार जिमीले जानकारी दिनुभयो । चैनपुर नगरपालिकाले ६ लाख ४६ रुपियाँको कोरोना राहत कोष स्थापना गरेको छ । सभापोखरी गाउँपालिकाले ५ सय ८८ विपन्न परिवारलाई खाद्यान्न वितरण सुरू गरेको गाउँपालिका अध्यक्ष रत्न सुब्बाले जानकारी दिनुभयो ।
इन्सेक प्रदेश १ कार्यालय, विराटनगर